# अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)

नेपाल सरकार
अर्थ मन्त्रालय

सचिव (राजस्व)

## अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)

अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यहरु नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस मापदण्डमा–

(क) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध अनुसूचीमा उल्लेख भए बमोजिमका निकाय सम्झनु पर्छ ।

(ख) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भई काम गर्ने अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रशासक, सदस्य सचिव, कार्यकारी सञ्चालक वा महाप्रवन्धक सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले सार्वजनिक निकायको सदस्यका रुपमा नियुक्त वा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "अख्तियारवाला" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने अख्तियारी पाएको निकाय सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालय सम्झनु पर्छ ।

(छ) "सम्बन्धित कानून" भन्नाले पदाधिकारीको नियुक्ति, मनोनयन वा तोक्ने सम्बन्धी ऐन, नियम, प्रबन्धपत्र र गठन आदेश सम्झनु पर्छ ।

३. **नियुक्तिका लागि योग्यताः** सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि व्यक्तिलाई देहाय बमोजिमको योग्यता नभई पदाधिकारीमा नियुक्ति वा मनोनयन गरिने छैनः-

(क) कार्यकारी प्रमुखको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको ।

(ख) कार्यकारी प्रमुख बाहेक अन्य पदाधिकारी र सदस्यको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष कार्य गरेको ।



सचिव (राजस्व)

(ग) कार्यकारी प्रमुखको हकमा तीस वर्ष र कार्यकारी प्रमुख बाहेक अन्य पदाधिकारी र सदस्यको हकमा पैंतीस बर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको।

४. **नियुक्तिको लागि अयोग्यता:** देहायको व्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछ:–

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा संझौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

५. **पदावधि:** सम्बन्धित कानूनमा अन्यथा लेखिएकोमा बाहेक यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

६. **पद रिक्त हुने अवस्था:** सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक पदाधिकारी तथा सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ:–

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज दफा ४ वमोजिम अयोग्य भएमा,

(घ) कार्य क्षमताका अभाव, खराव आचरण वा इमान्दारीपूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको आधारमा निजलाई अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(ङ) निजको मृत्यु भएमा ।

७. **नियुक्ति वा मनोनयनको प्रकृया निर्धारण गर्ने:** (१) सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन सम्बन्धी प्रकृया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।



सचिव (राजस्व)

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा नियुक्ति वा मनोनयन गर्दा मन्त्रालयले कार्यविधि बनाई खुल्ला प्रतिस्पर्धाको आधारमा नियुक्ति वा मनोनयन गर्नेछ ।

८. <u>कार्य सम्पादन करार गर्नुपर्ने:</u> (१) कार्यकारी प्रमुखले निज नियुक्त भएको मितिले तीस दिनभित्र मन्त्रालयसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः–

(क) कार्यकारी प्रमुखले पूरा गर्नुपर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक विवरण, सम्बन्धित सार्वजनिक निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यतालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्यांकनको संयन्त्र,

(ङ) निजले प्राप्त गर्ने पारिश्रमिक र सुविधा,

(च) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक वर्ष मूल्याङ्कन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यसम्पादनको स्तर पचास प्रतिशतभन्दा कम हुने कार्यकारी प्रमुखलाई अख्तियारवालाले उक्त पदबाट हटाउने आधार बनाउन सक्नेछ ।

९. <u>मापदण्ड लागू नहुने:</u> यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयबाट सार्वजनिक निकायमा प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्य वा अन्य निकाय वा संस्थाबाट प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्यको हकमा यो मापदण्ड लागू हुने छैन ।

१०. <u>पारिश्रमिक तथा सुविधा नपाउने:</u> सार्वजनिक निकायमा नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यले सम्बन्धित कानूनमा उल्लेख भए बाहेकको कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

११. <u>दोहोरो सुविधा लिन नहुने:</u> यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालीन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए सो पदमा बहाल रहेसम्म निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउने छ ।

१२. <u>मापदण्ड बाझिएमा:</u> यस मापदण्डमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।



सचिव (राजस्व)

१३. <u>बचाउः</u> यो मापदण्ड लागू हुनुपूर्व नियुक्ति वा मनोनयन भई सार्वजनिक निकायको पदमा वहाल रहेका पदाधिकारी तथा सदस्यहरु यसै मापदण्ड बमोजिम नियुक्ति वा मनोनयन भएको मानिनेछ ।

सचिव (राजस्व)

## अनुसूची

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

मन्त्रालय सम्बद्ध सार्वजनिक निकाय

१. नेपाल राष्ट्र बैंक
२. धितोपत्र बोर्ड
३. बीमा समिति
४. नागरिक लगानी कोष
५. कर्मचारी संचय कोष
६. नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
७. राष्ट्रिय बीमा संस्थान
८. राष्ट्रिय बीमा कम्पनी लिमिटेड
९. नेपाल पुनर्बीमा कम्पनी लिमिटेड
१०. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
११. कृषि विकास बैंक लिमिटेड
१२. नेपाल बैंक लिमिटेड
१३. निक्षेप तथा कर्जा सुरक्षण कोष
१४. ग्रामीण विकास बैंक लिमिटेड
१५. एन.आइ.डि.सी. डेभलपमेण्ट बैंक लिमिटेड

सचिव (राजस्व)